जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईँलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८१०५३५५००
इमेल : mgnd2070@gmail.com

बर्षः १३, अंकः ०२ पृष्ठः ४ | २०८३ बैशाख ०६ आइतबार (Sunday 19 April 2026) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## गोलबजार पाँचौं उप-मेयर कराते प्रतियोगितामा प्रदेशभरीका ३३० प्रतियोगि सहभागी



सिरहा, ५ बैशाख। गोलबजार नगरपालिकाको आयोजनामा पाँचौ उप-मेयर प्रदेशस्तरीय कराँते प्रतियोगिताको उदघाटन भएको छ। गोलबजार ८ स्थित जनता नमुना माध्यमिक विद्यालयको खेलमैदानमा सुरुभएको हो। उद्घाटनका क्रममा खेल तथा प्रतिभावान खेलाडीहरुलाई आफ्नो तर्फबाट सहयोग गर्न सधैं तत्पर रहेको गोलबजार नगरपालिका मेयर श्याम श्रेष्ठले बताए। उनले आफू सधै खेल कुद विकासमा योगदान गर्दै आएको व्यक्ति भएको बताउँदै पालिकाले प्रत्यक वर्ष निती तथा कार्यक्रममा नै खेलकुदको लागि बजेट विनियोजन गर्दै आएको बताए।

कार्यक्रमका विशिष्ट अतिथी कराँते महासंघको केन्द्रीय अध्यक्ष युवराज लामाले पछिल्ला दिनहरुमा नेपाली कराँतेले विश्व खेलजतमा राम्रो चर्चा पाईरहेको बताए। उनले नेपाली खेलाडी, यहाँको कोच, एम्पाएरहरु सवैको विश्व कराँते जगतमा अहिले सकारात्मक चर्चा रहेको बताउँदै अवका दिनमा यसलाई अझ सवल र व्यवसायीक बनाउनु पर्ने बताए। अध्यक्ष लामाले सरकारले अव नेपाली खेलको विषयमा कुनै अध्यन अनुसन्धान गर्नुपर्ने आवश्यक्ता नरको जिकिर गरे। उनले भने, 'अव नेपाली खेलकुदको विषयमा सरकारले कुनै अध्ययन, अनुसन्धान गर्नु पर्ने आश्यक्ता छैन। यहँका खेल र खेलाडीहरु सक्षम छन्। अव राज्यले यसका उचित लगानी र व्यवस्थापन गर्न जरुरी छ।'

सोही क्रममा उनले सिरहाको कराँतेले अन्तराष्ट्रिय खेलाडीहरु उत्पादन गरिरहेको बताए। 'सिरहाको कराँते खेल अहिले राम्रो गति लिएको छ। यसलाई थप प्रभावकारी बनाउन स्थानीय, प्रदेश र संघिय सरकारले लगानी गर्नु पर्ने आवश्यकता छन्न' अध्यक्ष लामाले भने। उनले देशको ७७ वटै जिल्लामा खेलिने यो मात्र एउटा खेल भएको बताए। उनले ७७ जिल्लामा २३ सय डोजो र ७८ हजार खेलाडी नियमित प्रशिक्षणमा रहेका छन्।

गोलबजार पाँचौं उप-मेयर कराँते प्रतियोगितामा मधेश प्रदेशका ८ जिल्ला र आयोजक २ टिमसहिती १० टिमका ३३० भन्दा बढी खेलाडी प्रतिस्पर्धामा सहभागी छन्। नगर उपप्रमुख मानती देवी साहको अध्यतामा सम्पन्न उद्राटन कार्यक्रमको संञ्चालन कराते महासंघ प्रदेश सचिव तथा कराँते प्रशिक्षक कसमलामाले गरेका थिए। उद्घाटन कार्यक्रममा विभन्नद दलका प्रतिनिधी तथा स्थानीय समाजसेवीहरुको उपस्थिति रहेको थियो।

## विद्यालय शुल्क निर्धारणसहितको विवरण पेस गर्न निर्देशन

जनकपुरधाम, ५ वैशाख। जनकपुरधाम उपमहा नगरपालिकाले पालिकाभित्र सञ्चालनमा रहेका संस्थागत विद्यालयलाई शुल्क निर्धारणसहित अन्य सम्पूर्ण विवरण अनिवार्य रूपमा पेस गर्न लिखित सूचना जारी गरेको छ। जनकपुरधाम उपमहानगरपालिकाको शिक्षा तथा खेलकुद विकास शाखाद्वारा आज जारी सूचनामा उपमहानगरभित्र सञ्चालनमा रहेका संस्थागत विद्यालयलाई शैक्षिक तथा प्रशासनिक तथा शैक्षिकसत्र २०८३ का लागि लागू गरिने सम्पूर्ण शुल्क विवरण सहित आवश्यक कागजात सात दिनभित्र पेस गर्न निर्देशन जारी गरेको हो।

सो पालिकाको नगर शिक्षा समितिको गत चैत ३० गते बसेको बैठकले गरेको निर्णयअनुसार सो निर्देशन गरिएको विज्ञप्तिमा जनाइएको छ। विद्यालय वर्गीकरण गर्दा संस्थागत विद्यालय मापदण्ड निर्देशिका, २०६१ तथा विद्यालय वर्गीकरण एवम् शुल्क निर्धारण कार्यविधि, २०८१ अनुसार कुन वर्गमा विद्यालय पर्छ भन्ने स्पष्ट आधार खुलाउनुपर्ने सूचनामा उल्लेख छ।

त्यस्तै, कक्षा १ देखि १२ सम्म अध्ययन, अध्यापन गराइने पाठ्यपुस्तक, पाठ्यसामग्री तथा सिकाइ सामग्रीको विस्तृत सूची पनि पब्लिकेसनका नाममा ठेगानासहित बुझाउनुपर्ने शिक्षा तथा खेलकुद विकास शाखाकी प्रमुख अञ्जु पाण्डेले बताउनुभयो। सूचनामार्फत विद्यालयमा हुने अनियमितता रोक्न शुल्क व्यवस्थापन र शैक्षिक सामग्रीमा पादर्शिता कायम गर्न सो सूचना जारी भएको उहाँले जानकारी दिनुभयो। सूचना प्रकाशन भएको मितिले सात दिनभित्र विवरण पेस नगर्ने विद्यालयलाई कारबाही गरिने उहाँले बताउनुभयो।

## मधुवा प्रकोपले आँप उत्पादन घट्ने

**जीवछ यादव**

लहान, ५ वैशाख। एक वर्ष बिराएर फल्ने आँपमा यसपटक लागेको मञ्जर (फूल)मा 'मधुवा' रोगको प्रकोपका कारण टिकुला झर्ने क्रम जारी रहेकाले आँप उत्पादनमा ह्रास आउने कृषि ज्ञान केन्द्र, सिरहाले जनाएको छ।



ज्ञान केन्द्रका सूचना अधिकृत सुदीप खनालका अनुसार सिरहामा करिब ९,०२५ हेक्टर क्षेत्रफलमा गरिएको आँप खेतीमा यस वर्ष मञ्जरको अवस्था राम्रो रहेकाले उत्पादन उल्लेख्य रूपमा बढ्ने अपेक्षा गरिएको थियो। तर मधुवा रोगको प्रकोपका कारण मञ्जर र टिकुला झरेर हाल करिब १० प्रतिशत मात्र फल बाँकी रहेकाले उत्पादन घट्ने देखिएको छ।

"आँपको राजधानी मानिएको सिरहामा गत वर्ष ५९ हजार ८८६ मेट्रिक टन आँप उत्पादन भएको थियो," उहाँले भन्नुभयो, "यस वर्ष उत्पादन बढ्ने अपेक्षा प्रकोपका कारण निराशामा परिणत भएको छ।" उहाँका अनुसार आगामी वर्षदेखि मञ्जर लाग्नुअघि नै किसानलाई सचेतना कार्यक्रम सञ्चालन गरिनेछ। सुख्खा मौसममा आँप राम्रो सप्रिने भए

-बाँकी अन्तिम पेजमा




GUPTA BROTHER'S AUTO TRADE
Mirchaiya, 033-550744 | 9801552812

**श्रमको सम्मान गरौं, श्रमिकको अधिकार सुनिश्चित गरौं।**

- सुरक्षित र मर्यादित कार्यस्थल सुनिश्चित गरौं,
- न्यूनतम् ज्याला तथा सुविधा समयमै प्रदान गरौं,
- बाल श्रम, जबर्जस्ती श्रमलगायतका सबै प्रकारका श्रम विभेदको अन्त्य गरौं,
- कार्यस्थलमा स्वास्थ्य तथा सुरक्षा मापदण्ड पालना गरौं,
- श्रमिकहरूलाई सामाजिक सुरक्षा र बीमामा समावेश गराऔं,
- महिला तथा पुरुष श्रमिकबीच समान अवसर र समान पारिश्रमिक सुनिश्चित गरौं,
- श्रमिकको सीप विकास र क्षमता अभिवृद्धिमा जोड दिऔं,
- श्रम ऐन तथा नियमहरूको पालना गरौं,
- श्रमिक र रोजगारदाताबीच सहकार्य र समन्वय बढाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# सम्पादकीय

## छवि निर्माण र प्रस्तुतिको चमकदमकमा हराउँदै मानवीय संवेदना

नेपाली समाजमा चिन्तन र चेतनामा त खै कुन्नि 'छवि र 'प्रस्तुति'को प्रभावका दृष्टिबाट भने पूरै उत्तरआधुनिक देखिन थालेको छ। कारण उत्तरआधुनिकताको एउटा चरित्र छवि र प्रस्तुति वास्तविकताभन्दा प्रभावशाली हुनु पनि हो। राज्यदेखि भान्सासम्म 'के गर्ने' होइन 'के देखाउने'मा व्यग्र देखिन्छ। सफलताको मापन क्रमशः उत्पादनशीलता, नैतिकता वा सामाजिक योगदानबाट सरेर सामाजिक सञ्जालका मापनयोग्य 'भ्युज' र 'लाइक'जस्ता सूचकमा केन्द्रित हुनपुगेको छ।

पक्कै पनि डिजिटल प्रविधिले जीवन सहज बनाएको छ। तर, त्यसको प्रदर्शनमुखी प्रयोगले भने मानवीय संवेदनालाई कमजोर बनाउने चिन्ताजनक संकेतहरू देखिँदै गएका छन्। दुर्घटनास्थलमा घाइतेलाई अस्पताल पुऱ्याउनुभन्दा पहिले 'लाइभ भिडियो' देखाउने प्रवृत्तिले समाजको प्राथमिक चरित्र बनेको छ। सामाजिक उत्सवहरू पनि पछिल्लो समय आत्मीयताको पारिवारिक अवसरभन्दा बढी वैभव प्रदर्शनको माध्यम बन्न पुगेका छन्। विवाह, जन्मदिनलगायतका पारिवारिक समारोहहरूमा सामाजिक सञ्जालमा प्रदर्शनकै लागि ऋण काढेरै भए पनि भड्किलो भोज आयोजना गर्ने गरिन्छ।

साइत हेरेर महिनौ पहिले तय गरिएको विवाहमा 'फोटो सुट' गर्दागर्दै लग्नै गुजार्नु अहिले सामान्य प्रचलन बनेको छ। यो त प्रतिनिधि उदाहरण हो। बाबुआमाको शवमा दागबत्ती दिँदासमेत भिडियो खिचेर सामाजिक सञ्जालमा पोस्ट गर्नु अपवाद होइन सामान्य प्रचलन भइसकेको देखिन्छ। सार्वजनिक शोकका क्षणहरूमा समेत व्यक्तिगत छवि प्रस्तुत गर्ने आत्ममुग्ध प्रवृत्तिले सामाजिक सम्बन्धको अर्थ नै बदलिएको त होइन प्रश्न उठ्छ। किस्ताबन्दीको सुविधा उपभोग गर्दागर्दै सामूहिक टाटपल्टाइको अध्याँरो गुफामा प्रवेश गरेजस्तै सामाजिक संवेदना पनि निखिएको त होइन ?

समाज कहिले वा कुन मितिदेखि उत्तरआधुनिक हुनपुग्छ भन्ने किटान गर्न मिल्दैन। अरू प्रवृत्ति बिस्तारै जनजीवन हुँदै समाज र साहित्यमा पहिले देखिनेगर्थ्यो। नेपाली समाज कतै राजनीतिबाट उत्तरआधुनिकतामा प्रवेश गरेको त होइन ? अहिलेको प्रदर्शनको राजनीतिक संस्कार र सफलताले त त्यतै संकेत गरेको छ। सन्तुलितभन्दा प्रदर्शनमुखी जीवनशैलीलाई प्राथमिकता दिने प्रवृत्ति विस्तार हुँदैगएको अवस्थामा समाजलाई प्रदर्शनवादी भौतिकताको दबाबबाट मुक्त गराउन नसके कुनै विन्दुमा विस्फोटक विखण्डनको सामना गर्नुपर्ने हुनसक्छ। अवश्यंभावीजस्तो लाग्ने यो विखण्डन सुरु व्यक्तिगततहबाट भए पनि सामूहिक प्रयासबिना रोकिने देखिँदैन।

उत्तरआधुनिक देखिने विखण्डन रोक्नका लागि विद्यालयस्तरदेखि नै मानवीय मूल्य र जिम्मेवार डिजिटल व्यवहारसम्बन्धी ज्ञान बालबालिकालाई दिनुपर्छ। सञ्चार माध्यमले पनि सामाजिक उत्तरदायित्वलाई केन्द्रमा राखेर स्वस्थ जीवनशैली र मानवीय संवेदनाको प्रवर्धन गर्ने सामग्रीलाई प्राथमिकता दिनुपर्छ। सबैभन्दा मुख्य त सामाजिक राजनीतिक नेतृत्व र अभिभावक वर्गले संयमित र उत्तरदायी र मानवीय संवेदनायुक्त व्यवहारको उदाहरण प्रस्तुत गर्न सकेमात्र समाजमा सकारात्मक सन्देश प्रवाह हुन सक्छ। सामाजिक सञ्जालको लोकप्रियता वा भौतिक प्रदर्शनले मात्र व्यक्तिको सफलताको परिभाषा निर्धारण गर्न सक्दैन भन्ने सत्य स्वीकार गरिनुपर्छ।

दीर्घकालीन रूपमा समाजलाई सन्तुलित, संवेदनशील र उत्तरदायी दिशातर्फ अग्रसर गराउन व्यक्तिगत संयम, पारिवारिक संस्कार र संस्थागत पहलजस्ता पक्षको समन्वय अपरिहार्य देखिन्छ। उत्तरआधुनिक चरित्र र प्रवृत्ति बोकेर समाजका नायक बन्न खोज्ने पात्रहरूले यसको गम्भीरता कहिले बुझ्ने ?

# एकद्वार सेवा प्रणाली लागू गृह मन्त्रालयको निर्देशन

काठमाडौँ, ५ वैशाखः गृह मन्त्रालयले देशभरका जिल्ला प्रशासन कार्यालयलाई 'एकद्वार सेवा प्रणाली' लागू गर्नेसहित नौ बुँदे निर्देशन जारी गरेको छ। मन्त्रालयले जिल्ला प्रशासन कार्यालय र इलाका प्रशासन कार्यालयले दिने सेवा प्रवाहलाई थप प्रभारकारी बनाउनका लागि त्यस्तो निर्देशन गरेको हो। मन्त्रालयले जारी गरेको परिपत्रमा चालु आवमै विद्यमान बजेटबाट नै एकद्वार सेवा प्रणाली लागू गर्न आवश्यक प्रबन्ध गर्दै आगामी आवका लागि सुधार कार्य गर्न आवश्यक न्यूनतम बजेट माग गर्न पनि भनिएको छ।

प्रमुख जिल्ला अधिकारीलाई नेपाल सरकारको प्रतिनिधिका रूपमा प्रचलित कानुनबमोजिम जिल्लामा शान्ति सुव्यवस्था र सुरक्षा कायम गर्दै जनताको जीउ, धन र स्वतन्त्रताको संरक्षण गर्ने, सार्वजनिक सेवा प्रवाहको सुनिश्चितता, सुशासन सुदृढीकरण तथा विकास व्यवस्थापनमा सहजीकरणजस्ता महत्वपूर्ण प्रशासकीय भूमिका निर्वाह गर्नुपर्ने भूमिकासमेत गृहमन्त्रालयले स्मरण गराइएको छ।

उक्त निर्देशनमा गृहमन्त्री सुधन गुरुङले पदबहाली गरेको दिन मन्त्रालय र अन्तर्गतका निकाय मूलतः जिल्ला प्रशासन कार्यालय र इलाका प्रशासन कार्यालयबाट प्रदान गरिने सेवाहरू एकद्वार प्रणालीबाट गर्ने व्यवस्था मिलाउन निर्देशन भएको र नेपाल सरकार मन्त्रिपरिषद्बाट गत चैत १३ गते स्वीकृत शासकीय सुधारका एक सय कार्यसूचीमा सार्वजनिक सेवा प्रवाहमा नागरिकको विश्वास जित्ने गरी गुणात्मक सुधार, सुशासन सुदृढीकरण, भ्रष्टाचार नियन्त्रण समेतका विषयलाई केन्द्र विन्दुमा राखेर कार्यसम्पादन गर्नुपर्नेलगायत विषय उल्लेख रहेको छ।

मन्त्रालयको सचिवस्तरीय निर्णयअनुसार गरिएको निर्देशनमा भनिएको छ, "जिल्ला प्रशासन कार्यालयबाट प्रवाह भइरहेका सेवाहरूलाई सुधार गरी जनताको अपेक्षाअनुरूप सहज र सेवाग्राहीमैत्री बनाउने सिलसिलामा हाल कतिपय जिल्लामा कार्यान्वयनमा ल्याइएका सृजनात्मक तथा नवप्रवर्द्धनात्मक उपायहरू जस्तै टोकन प्रणाली, नागरिक सुनुवाइ प्रणाली, नयाँ नागरिकताको अनलाइन सिफारिस, निःशुल्क सहायता कक्षलगायतका सुधारलाई थप व्यापक र संस्थागत गर्दै गृहमन्त्रीको निर्देशन र एकसय कार्यसूचीको मूल भावनाअनुरूप सुधारका कार्यलाई तत्काल अगाडि बढाउने सिलसिलामा 'एकद्वार सेवा प्रणाली' यथाशीघ्र लागू गर्न आवश्यक छ।"

यस्ता छन् नौबुँदे निर्देशन एकद्वार सेवा प्रणाली व्यवस्थापन गर्ने क्षेत्रहरू

नयाँ नागरिकता, प्रतिलिपि नागरिकता, राहदानी, राष्ट्रिय परिचयपत्र र नाबालक परिचयपत्रसम्बन्धी सेवाका लागि उपयुक्त सेवाकक्ष तयार गरी सेवाग्राही मैत्री बनाउन भनिएको छ। त्यस्तै, सेवाको कार्य प्रारम्भ गर्नेदेखि स्वीकृत गर्ने तहसम्मका सबै कर्मचारीले सकेसम्म एकैकक्षबाट सेवा प्रदान गर्ने व्यवस्था मिलाउन निर्देशन दिइएको छ। मन्त्रालयले निर्देशनमा सङ्घसंस्था दर्ता तथा नवीकरण, हातहतियार नवीकरण तथा कागजात प्रमाणीकरणका कार्य कार्यबोझ र कर्मचारीको उपलब्धताका आधारमा उपयुक्त सेवा कक्षको प्रबन्ध गर्न, सेवाग्राहीलाई यथासम्भव प्रतिक्षा/विश्राम कक्षमा बस्ने व्यवस्था गरी पारदर्शी तवरले सेवा प्रवाह गर्न भनेको छ।

त्यस्तै, जिल्ला प्रशासन कार्यालयबाट प्रवाह हुने सेवा सम्भव भएसम्म अनलाइन प्रणालीमार्फत नै सेवा प्राप्त गर्नसक्ने सम्बन्धमा ध्यान दिइ सुधारका काम कारवाही अगाडि बढाउन भनिएको छ।

**टोकन प्रणाली र सहायता कक्षसम्बन्धी**

सेवाग्राहीको चाप एवं आवश्यकताका आधारमा टोकन प्रणाली लागू गर्न एवं कार्यालय प्रवेश गर्नेबित्तिकै सहज पहुँच हुने स्थानमा कर्मचारी र कम्प्युटरसहितको सहायता कक्ष राख्न निर्देशन दिइएको छ। सहायता कक्षमा जिल्ला प्रशासन कार्यालयको सेवासम्बन्धी विषयवस्तु बुझेको कर्मचारीलाई मात्र राख्ने र हेल्प डेस्क बिहान ९:०० बजे अनिवार्य रूपमा खोल्ने व्यवस्था मिलाउन भनिएको छ। सेवाग्राहीलाई निवेदन लेख्न/विवरण भर्न सहजीकरण गर्ने व्यवस्था मिलाउन, सहायता कक्षमा कागजातको प्रारम्भिक परीक्षण गरेर टोकन दिने र कागजात नपुगेको सेवाग्राहीलाई के के पुगेन स्पष्ट गरी टिपोट दिनका लागि पनि सहायता कक्ष आवश्यकता औँल्याइएको छ ।

त्यसैगरी कार्यकक्षमा सेवाग्राहीको चापअनुसार फ्रन्ट डेस्कका कर्मचारीले सेवाग्राहीलाई कार्यकक्षमा नै पठाउने वा प्रतिक्षालयमा राख्ने व्यवस्था मिलाउन एवं ज्येष्ठ नागरिक, बिरामी, अशक्त, अपाङ्गता भएका व्यक्ति, सानो बच्चासहितका सेवाग्राहीलाई फ्रन्ट डेस्क वा सहायता कक्षका कर्मचारीले सेवामा प्राथमिकता प्रदान गर्न पनि भनिएको छ।

**नागरिक बडापत्रसम्बन्धी**

डिजिटल तथा आवाजसहितको नागरिक बडापत्र यथासम्भव लागू गर्न, यदि सम्भव नभए कार्यालयबाट प्रवाह हुने सबै सेवाको प्रक्रियागत चरण स्पष्ट उल्लेख गरी सबैले देख्ने ठाउँमा सहजै पढ्न सकिने अक्षरमा नागरिक बडापत्र राख्न, प्रमुख/सहायक प्रमुख जिल्ला अधिकारी, प्रशासकीय अधिकृत र वडाध्यक्ष तहसम्मको ह्वाट्सएप समूह तयार गरी सेवा प्रवाह सरलीकरण गर्न नियमित रूपमा छलफल हुने व्यवस्था मिलाउन पनि निर्देशन दिइएको छ।

**गुनासो व्यवस्थापनसम्बन्धी**

जिल्ला प्रशासन कार्यालयमा प्राप्त उजुरी तथा गुनासोको अभिलेख गरी उजुरी तथा गुनासो समाधानका लागि तत्कालै क्रियाशील हुनका लागि गुनासो सुन्ने व्यवस्था गर्न निर्देशनमा भनिएको छ। प्रमुख जिल्ला अधिकारी तथा सहायक प्रमुख जिल्ला अधिकारीसँग अशक्त र अपाङ्गता भएका सेवाग्राहीले गुनासो लिएर भेट्न चाहेका खण्डमा प्रमुख जिल्ला अधिकारी तथा सहायक प्रमुख जिल्ला अधिकारी उनीहरूसमक्ष आफैँ गई भेट्ने तथा तत्कालै गुनासो सुन्ने प्रबन्धको सुनिश्चितता गर्न भनिएको छ।

कार्यालय प्रमुख र गुनासो सुन्ने अधिकारीको 'अफिसियल' मोबाइलमा निरन्तर सम्पर्क हुने व्यवस्था मिलाउनुपर्ने र तत्काल सम्पर्क हुन नसकेमा 'कलब्याक' गरी जानकारी लिनुपर्ने, प्रत्येक महिना जनतासँग प्रजिअ कार्यक्रम सञ्चालन गर्ने र जनताका गुनासाहरू सम्बोधन गर्न निर्देशनमा भनिएको छ।

**सेवाग्राहीप्रतिको व्यवहार सम्बन्धी**

कर्मचारीले सेवाग्राहीसँग मर्यादित भाषा तथा सम्मानपूर्वक व्यवहार गर्न कुनै कर्मचारीले सेवाग्राहीलाई दुःख हैरानी दिएमा प्रमुख जिल्ला अधिकारीले शून्य सहनशिलताको नीति अवलम्बन गरी प्रचलित कानुनबमोजिम कारबाही गर्ने र सोको प्रतिवेदन मन्त्रालयमा गर्न तथा कार्यालयको परिसर सरसफाइको सुनिश्चितता गर्न पनि भनिएको छ।

**विचौलिया नियन्त्रण**

कार्यालयमा विचौलियाको प्रवेशमा उच्च निगरानी गरी विचौलियामार्फत काम गर्ने गराउने कार्यलाई कडाइकासाथ पूर्ण रूपमा नियन्त्रण गर्न, विचौलियालाई गर्ने कारबाहीलाई तीव्रता दिन, नेपाल प्रहरीमार्फत विचौलिया कार्यमा संलग्न व्यक्तिहरूको कारबाहीको हालसम्मको (वर्तमान सरकार गठन भएको मितिदेखि प्रतिवेदन गरेको दिनसम्म) को र तत्पश्चात् नियमित प्रतिवेदन हुने व्यवस्था मिलाउन पनि निर्देशक गरिएको छ ।

**प्रत्येक पदको कार्यविवरण तयार गरिने**

जिल्ला प्रशासन कार्यालय र इलाका प्रशासन कार्यालयले कार्यसम्पादनलाई परिणामसँग जोड्न प्रत्येक पदको वस्तुनिष्ठ कार्यसम्पादन सूचकसहितको कार्य विवरण १५ दिनभित्र तयार गरी लागू गर्न पनि निर्देशन दिइएको छ।

**क्षमता विकाससम्बन्धी**

निर्देशनमा जिल्ला प्रशासन कार्यालयबाट सबै वडा कार्यालयमा काम गर्ने कर्मचारीलाई जिल्ला प्रशासन कार्यालयसँग सम्बन्धित सिफारिस र अन्य काम कारबाहीका सम्बन्धमा अभिमुखीकरण तथा तालिम प्रदान गर्न, जिल्ला प्रशासन कार्यालयमा कार्यविवरणअनुसार कार्य सम्पन्न गर्नेगरी कर्मचारीलाई अभिमुखीकरण गर्न, कर्मचारीलाई मूलतः फ्रन्ट डेस्कमा बस्ने कर्मचारीलाई आवश्यकपर्ने तालिमको व्यवस्था गर्ने वा मन्त्रालयमा माग गर्न पनि भनिएको छ ।

**सूचना प्रवाह, अनुगमन मूल्याङ्कन**

प्रमुख जिल्ला अधिकारीले कार्यसम्पादन प्रणालीको निरन्तर निगरानी र अनुगमन गर्न, सम्भव भए सिसिटिभी जडान गर्न, कार्यालयको वेभसाइट निरन्तर अद्यावधिक गर्न, प्रोएक्टिभ डिस्कोर्सलाई सुदृढ गर्दै कार्यालयको गोपनियता र पारदर्शिताबीच सन्तुलन कायम राख्न, प्रमुख जिल्ला अधिकारीसहित सबै कर्मचारीको कार्य जिम्मेवारीसहितको सम्पर्क नम्बर कार्यालयको वेबसाइटमा राख्न, जिल्लाको शान्तिसुरक्षाको अवस्थाको दैनिक रूपमा जाहेरी पठाउँदा उक्त दिन जिल्ला प्रशासन कार्यालयबाट प्रवाह हुने सबै खाले सेवाको सङ्ख्यात्मक विवरणसमेत अनिवार्य रूपमा तोकिएको ढाँचामा राख्न पनि भनिएको छ।

मन्त्रालयले जिल्ला प्रशासन कार्यालयबाट सम्पादित अनुकरणीय कार्य र अन्य सबै सेवाको प्रगति प्रतिवेदन प्रत्येक महिनाको ०१ र १६ गते अनिवार्य रूपमा मन्त्रालयमा पठाउन पनि दिर्नेशन दिइएको छ।

# खाग प्रकरणः चारै जना अभियुक्त माथि अनुसन्धान

सुनसरी, ५ वैशाख। यहाँको बर्जु गाउँपालिका–४ बाट गैँडाको खागसहित पक्राउ परेका चार जना माथि अनुसन्धान सुरु गरिएको छ। पक्राउ पर्नेमा बर्जु–६ का ३९ वर्षीय राजेशकुमार उराँव, ३१ वर्षीय जीवन चौधरी, बर्जु–५ का ३३ वर्षीय रविनकुमार यादव र मोरङ पथरी शनिश्चरे नगरपालिका–१ का ४० वर्षीय नारायणप्रसाद घिमिरे रहेको डिभिजन वन कार्यालय सुनसरीले जनाएको छ।

बर्जु ताल नजिकै खागको तौल लिँदै गर्दा सशस्त्र प्रहरी बल नेपाल नम्बर १ बराह वाहिनी पक्कलीबाट खटिएको टोलीले उनीहरूलाई शुक्रबार पक्राउ गरेको थियो। अभियुक्त र खाग डिभिजन वन कार्यालय सुनसरीलाई बुझाएसँगै अनुसन्धान सुरु गरिएको डिभिजन वन कार्यालय इनरुवाका डिभिजनल वन अधिकृत रितेशभूषण बस्नेतले जानकारी दिनुभयो।

अनुसन्धानका लागि कार्यालयका वैजुकुमार साहलाई अनुसन्धान अधिकृत तोकिएको छ। गैँडाको खागजस्तो ल्याइएको वस्तु परीक्षणका लागि राष्ट्रिय विधि विज्ञान प्रयोगशाला खुमलटार काठमाडौँ पठाइएको छ। परीक्षण रिपोर्टको आधारमा कानुनी प्रक्रिया अगाडि बढ्ने उहाँले बताउनुभयो। यसको सञ्जाल ठूलो भएको उहाँको बुझाइ छ। खाग पछाडि एउटा ठूलो समूहको सञ्जाल भएको प्रारम्भिक अनुसन्धानका क्रममा खुलेको डिभिजनल वन अधिकृत बस्नेतले बताउनुभयो ।

कहाँबाट ल्याइएको हो र कता लैजान खोजिएको विषयमा यकिन हुन बाँकी रहेको छ। पक्राउ परेकाविरुद्ध राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ अन्तर्गत अनुसन्धान अघि बढाइने डिभिजन वन कार्यालय प्रमुख शिवनारायण मण्डलले बताउनुभयो ।

# भ्रष्टाचारजन्य कसुरमा मुद्दा दायरको सङ्ख्या तेब्बरले वृद्धि

**प्रकाश सिलवाल**

काठमाडौँ, ५ वैशाख। अख्तियार दुरुपयोग अनुसन्धान आयोगले पछिल्ला पाँच वर्षमा सार्वजनिक पद धारण गरेका राजनीतिक पदाधिकारी, जनप्रतिनिधि र कर्मचारीविरुद्ध उल्लेख्य सङ्ख्यामा भ्रष्टाचारजन्य कसुरमा मुद्दा दायर गरेको छ।

सो अवधिमा कुल एक लाख ६६ हजार ५२० उजुरी परेकामा एक लाख २१ हजार ९४३ (७३ दशमलव २३ प्रतिशत) फछ्र्यौट भई ७९८ मुद्दा दायर भएका छन्। ती मुद्दामा चार हजार ६६२ जनालाई प्रतिवादी बनाई ३१ अर्ब ५२ करोड २५ लाख पाँच हजार ५७३ रुपैयाँ बिगो दाबी गरिएको छ। यी मुद्दामा विशेष अदालतबाट सरदर ५५ प्रतिशत कसुर स्थापित भएको छ भने कसुर स्थापित नभएकामध्ये ७१९ मुद्दामा अख्तियार दुरुपयोग अनुसन्धान आयोग पुनरावलोकनका लागि सर्वोच्च अदालत गएको छ। पुनरावलोकन गरिएकामध्ये नौ मुद्दामा अख्तियारको माग दाबीअनुसार सर्वोच्च अदालतबाट ठहर भएको आयोगले जनाएको छ।

आयोगका प्रमुख आयुक्त प्रेमकुमार राईसहितका पदाधिकारीले २०७७ माघ २१ गतेदेखि पद बहाली गरेका थिए। आर्थिक वर्ष २०७७/७८ को तुलनामा पछिल्लो आर्थिक वर्षमा उजुरी, फछ्र्यौट र मुद्दा दायरको आँकडा बढ्दो देखिएको छ। आयोगका प्रवक्ता सुरेश न्यौपानेका अनुसार आर्थिक वर्ष २०७७/७८ को माघसम्ममा १२ हजार ४९६ उजुरी र ४६ मुद्दा दायरी भई २३० प्रतिवादी रहेकामा चालु आर्थिक वर्षको गत चैत मसान्तसम्म २८ हजार ४१६ उजुरी र १२१ मुद्दा दायर भई ४२९ प्रतिवादी छन्। आर्थिक वर्ष २०७७/७८ मा दायर भएका मुद्दामध्ये ६८ प्रतिशत कसुर स्थापित भएका थिए भने चालु आर्थिक वर्षको चैतसम्ममा ४८ दशमलव ८५ प्रतिशत कसुर स्थापित भएका छन्।

यसैगरी, आव २०७८/७९ मा २४ हजार ३३१ उजुरी परेकामा ७० दशमलव ५६ प्रतिशत फछ्र्यौट भई १३१ मुद्दा दायर भई ६३९ प्रतिवादी रहेका थिए। आव २०७९/८० मा २८ हजार ६५ उजुरी परेकामा ६६ दशमलव ९८ प्रतिशत फछ्र्यौट भई १६१ मुद्दा दायर भएकामा ७६६ प्रतिवादी कायम गरिएको थियो। यी मुद्दामा ३३ दशमलव ४३ प्रतिशत कसुर स्थापित भएका छन्। आर्थिक वर्ष २०८०/८१ मा ३६ हजार १८६ उजुरी परेकामा ७६ दशमलव ५९ प्रतिशत फछ्र्यौट भई २०१ मुद्दामा गरी एक हजार ५४५ प्रतिवादी रहेका थिए। यसमध्ये ६५ दशमलव ६७ प्रतिशत कसुर स्थापित भएको थियो। आव २०८१/८२ मा ३७ हजार २६ उजुरीमध्ये ८० दशमलव २२ प्रतिशत फछ्र्यौट भई १३७ मुद्दामा ७५३ प्रतिवादी कायम भए। यीमध्ये ५२ दशमलव ६७ प्रतिशत कसुर स्थापित भएको थियो।

संसद्को गत अधिवेशनमा पेस भएको अख्तियारको ३५औँ वार्षिक प्रतिवेदनमा प्रदेशगत आधारमा हेर्दा बागमती प्रदेशमा सङ्घीय निकाय वा पदाधिकारीसम्बन्धी उजुरीको सङ्ख्या बढी देखिएको छ। 'स्टिङ अपरेसन'का सम्बन्धमा सर्वोच्च अदालतबाट अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०५९ को नियम ३० अमान्य र बदर हुने गरी २०७८ वैशाख ८ मा फैसला भएका कारण त्यसयता घूस ( रिसवत) सम्बन्धी भ्रष्टाचार मुद्दाको सफलता दर केही घट्न गएको आयोगको बुझाइ छ।

आयोगले प्राप्त उजुरी, आयोगको अनुसन्धान र विद्यमान कानुनी व्यवस्थाअनुसार मुद्दा अघि बढाउने भएकाले विशेष अदालतको फैसलाबारे पुनरावलोकनबाहेक अरू विकल्प आफूहरूसँग नहुने प्रवक्ता न्यौपानेको भनाइ छ। नेपालको संविधानको भाग २१ बमोजिम दुरुपयोग अनुसन्धान आयोगले कुनै सार्वजनिक पद धारण गरेको व्यक्तिले भ्रष्टाचार गरी अख्तियारको दुरुपयोग गरेको सम्बन्धमा कानुनबमोजिम अनुसन्धान गरी वा गराई त्यस्तो अनुसन्धानबाट कसुरदार देखिएमा त्यस्ता व्यक्तिउपर विशेष अदालतमा मुद्दा दायर गराउँदै आएको छ।

आयोगले भ्रष्टाचारजन्य कसुरको अनुसन्धान र अभियोजन गर्ने वा गराउने कार्यका अतिरिक्त भ्रष्टाचार नियन्त्रणका लागि विभिन्न प्रकारका निरोधात्मक, प्रवर्द्धनात्मक र संस्थागत क्षमता विकासका रणनीतिहरू तय गरी सदाचार, निष्पक्षता, निडरता, पेसागत विशिष्टता र प्रमाणमा आधारित अनुसन्धान एवं अभियोजनजस्ता मूल्यमान्यताका आधारमा आफ्नो संवैधानिक दायित्व निर्वाह गर्दै आएको प्रवक्ता न्यौपानेले बताउनुभयो।

**शीर्षनेता, जनप्रतिनिधि र उच्च कर्मचारीसम्म प्रतिवादी**

आयोगले यसबीचमा दायर गरेका मुद्दामा प्रतिवादी बनाइएकामा तत्कालीन प्रधानमन्त्रीदेखि स्थानीय तहका जनप्रतिनिधिसम्म छन्। आयोगका अनुसार २०७७ माघ २१ देखि गत चैत मसान्तसम्ममा यस वर्गमा १०२ प्रतिवादी भएका छन्। प्रतिवादी बनाइएकामा पतञ्जली योगपीठको जग्गा साटफेर प्रकरणमा तत्कालीन प्रधानमन्त्री माधवकुमार नेपाल, वाइडबडी खरिदमा तत्कालीन संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री जीवनबहादुर शाही, टेरामक्स खरिदमा तत्कालीन सूचना तथा प्रविधिमन्त्री मोहनबहादुर बस्नेत, लिची बगैँचा जग्गाको घूस रिसवतमा तत्कालीन सङ्घीय मामिला तथा सामान्य प्रशासनमन्त्री राजकुमार गुप्ता र तत्कालीन भूमि व्यवस्था, सहकारी र गरिबी निवारणमन्त्री रंजिता श्रेष्ठविरुद्ध मुद्दा दायर भएको छ। पोखरा अन्तरराष्ट्रिय विमानस्थल निर्माणको अनियमितता मुद्दामा तत्कालीन संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री भीमप्रसाद आचार्य र दीपक चन्द अमात्य तथा तत्कालीन अर्थमन्त्री डा रामशरण महत प्रतिवादी रहनुभएको छ।

यस्तै, भन्सार छलेर सुन ल्याएको आरोपमा पूर्वसभामुख कृष्णबहादुर महराविरुद्ध आयोगले मुद्दा दायर गरेको छ। यसैगरी, विभिन्न प्रदेशका मन्त्री, सांसद, नगर तथा गाउँपालिकाका प्रमुख र अध्यक्ष तथा उपप्रमुख र उपाध्यक्षविरुद्ध पनि मुद्दा दायर भएको छ।

यसैगरी, पूर्वमुख्यसचिव डा वैकुण्ठ अर्यालविरुद्ध अन्तःशुल्क स्टिकरमा मुद्दा दायर भई किनारा लागिसकेको छ भने नेपाल सरकारका तत्कालीन सचिवहरू रामकुमार श्रेष्ठविरुद्ध गैह्रकानुनी सम्पत्ति आर्जन, शङ्करप्रसाद अधिकारीविरुद्ध वाइडबडी खरिद, सञ्जय शर्माविरुद्ध नेसनल पेमेन्ट गेटवे, छविराज पन्तविरुद्ध पतञ्जली योगपीठ जग्गा साटफेरमा मुद्दा दायर गरिएको छ।

तत्कालीन सचिवहरू सुशील घिमिरे, सुरेशमान श्रेष्ठ, सुमनप्रसाद शर्मा र भेषराज शर्माविरुद्ध विमानस्थल निर्माणमा लागत बढाइएको विषयमा मुद्दा दायर भएको छ। यस्तै, विभिन्न सहसचिव, महानिर्देशकहरू, प्रदेश सचिव, सञ्चालक समितिका अध्यक्ष, सदस्य तथा विभिन्न कर्मचारीविरुद्ध मुद्दा दायर भएको आयोगले जनाएको छ।

सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण ऐन, २०६४ मा भएको हालको संशोधित व्यवस्थाअनुसार आयोगले भ्रष्टाचारजन्य कसुरको अनुसन्धान गर्ने क्रममा सम्पत्ति शुद्धीकरण कसुरका तत्व देखिएमा सोको समेत अनुसन्धान गर्ने व्यवस्था रहेको छ।

छुवाछुत एक सामाजिक अपराध र मानव अधिकारको हनन् हो। समाजबाट छुवाछुत प्रथा हटाउने दायित्व प्रत्येक नागरिकको हो। छुवाछुतलाई कानूनले दण्डणीय अपराध घोषणा गरेको छ।

# सप्तरीमा एकै महिनामा ११८ मुद्दा दर्ता

**धीरेन्द्रप्रसाद साह**

राजविराज, ५ वैशाख। सप्तरीमा एकै महिनामा ११८ वटा विभिन्न प्रकारका अपराधका मुद्दा दर्ता भएका छन्। तीमध्ये सामाजिक अपराधसम्बन्धी २०, चोरीसम्बन्धी आठ, संगठित तथा अपराधसम्बन्धी एक, महिला तथा बालबालिकासम्बन्धी अपराधमा १८, सवारी ज्यानमा पाँच, आत्महत्यासम्बन्धी १३ तथा ज्यानसम्बन्धी पाँच र अन्य ५३ वटा मुद्दा रहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

यस्तै जघन्य तथा गम्भीर अपराधअन्तर्गत बैंकिङ्ग कसुर अपराधमा १४ र ठगीमा चार गरी १८ वटा मुद्दा दर्ता भएको निमित्त सूचना अधिकारी प्रहरी अधिकृत विजय कार्कीले बताउनुभयो। यस अवधिमा चालु मुद्दाका ५५ जना प्रतिवादीलाई पक्राउ गरिएको उहाँले सार्वजनिक चासोका ३५ वटा मुद्दा वर्षमा फर्स्योट गरिएको छ भने यस महिनाको आठ वटा मुद्दा पेण्डिङ्ग रहेको जानकारी दिनुभयो। अदालतको फैसला कार्यान्वयनको क्रममा विभिन्न मुद्दामा फरार रहेका ३२ जनालाई पक्राउ गरी उनीहरूबाट तीन वर्ष नौ महिना २० दिन बराबरको कैद सजाय कार्यान्वयन गरिएको छ भने १० लाख ५३ हजार ८०१ रुपियाँ जरिवाना असुल गरिएको प्रहरीले जनाएको छ।

लागूऔषध नियन्त्रणको क्रममा चैत महिनामा १०५ किलो ५२५ ग्राम गाँजा र ८६ एम्पुल लागूऔषध बरामद गरिएको जानकारी गराइएको छ। यस्तै सवारी दुर्घटना २० वटा हुँदा एक जनाको मृत्यु र ३१ जना घाइते भएका छन्। ट्राफिक नियम उल्लंघन गर्ने सवारी साधनमाथि कारबाही गरी तीन लाख ५३ हजार ७०१ रुपियाँ राजस्व संकलन गरिएको छ। दुर्घटनाका प्रमुख कारणमा तीव्र गति, मादक पदार्थ सेवन गरी सवारी चलाउनु तथा ट्राफिक अनुशासनको कमी रहेको विश्लेषण गरिएको छ।

विपद् व्यवस्थापन अन्तर्गत १८ वटा आगलागीका घटना हुँदा करिब एक करोड १० लाख ८५ हजार पाँच सय रुपियाँ बराबरको क्षति भएको अनुमान गरिएको छ। त्यस्तै, करेन्ट लागेर एक जनाको मृत्यु र दुई जना घाइते भएका छन। महिला, बालबालिका तथा ज्येष्ठ नागरिकसम्बन्धी ११० उजुरी दर्ता भएका छन्। पीडितहरूको उमेर समूह विश्लेषण गर्दा २६ देखि ४० वर्ष समूहका पीडितको संख्या सबैभन्दा बढी रहेको छ। यसले घरेलु तथा सामाजिक हिंसाका घटना अझै पनि चिन्ताजनक रहेको देखाउँछ।

गत विगतमा ४३ जना हराएकोमध्ये १५ जना फेला परेको जनाएको छ। ठाडो उजुरीतर्फ जिल्ला प्रहरी कार्यालयमा प्रत्यक्ष तथा जिल्ला प्रशासन कार्यालयमार्फत आएका गरी ४१७ उजुरी दर्ता भएका छन्। तीमध्ये ४१३ उजुरी फस्योट भइसकेका छन् भने चार उजुरी अनुसन्धानकै क्रममा रहेको जनाएको छ। भन्सार छली गरेर ल्याइरहेका पाँच लाख नौ हजार रुपियाँ बराबरका सामान बरामद गरिएको छ। प्राकृतिक स्रोत दोहन नियन्त्रणतर्फ ३० हजार रुपियाँ जरिवाना असुल गरिएको प्रनि कार्कीले जनाउनु भएको छ।

लागुऔषध नियन्त्रण, आत्महत्या न्यूनीकरण, महिला हिंसा, बालविवाह, आइबर अपराध, ट्राफिक चेतना लगायतसम्बन्धी समुदाय-विद्यालय कार्यक्रमलाई पनि प्राथमिकता दिइएको छ। चैत महिनामा ११९ वटा समुदाय-विद्यालय केन्द्रित कार्यक्रम सञ्चालन गरिएको छ।

# परम्परागत 'गुनासो पेटिका' प्रयोगविहीन, सूचना प्रविधिमार्फत उजुरी लिने व्यवस्था विस्तार हुँदै

**अजय शाह**

महोत्तरी, ५ वैशाख। सरकारी कार्यालयहरूमा सेवाग्राहीका गुनासा, सुझाव तथा उजुरी संकलन गर्न राखिएका 'गुनासो पेटिका' पछिल्लो समय प्रयोगविहीन बन्दै गएका छन्। संघ, प्रदेश तथा स्थानीय तहका अधिकांश कार्यालयमा राखिएका यस्ता पेटिका प्रायः रित्तै रहने गरेका छन् भने कतिपय कार्यालयमा लामो समयदेखि नखोलिएको अवस्था समेत देखिएको छ।

केही वर्षअघिसम्म गुनासो पेटिकामा सेवाग्राहीका उजुरी तथा सुझावहरू संकलन हुने गरे पनि अहिले पेटिका खोल्दा प्रायः खाली नै पाइने गरेको सम्बन्धित कार्यालयहरूले जनाएका छन्। कतिपय स्थानमा त पेटिका खोल्ने प्रचलन नै हराउँदै गएको छ भने केही पेटिकामा माकुराको जालो र बारुलाको घार समेत बनेको पाइन्छ। महोत्तरीको गौशाला नगरपालिकाका नगर प्रमुख डा. दिपेन्द्र महतो ले आफू निर्वाचित भएको करिब चार वर्षको अवधिमा गुनासो पेटिकामा एउटा पनि उजुरी नपरेको बताउनुभयो।

उहाँकाअनुसार सेवाग्राहीले चित्त नबुझेका विषय प्रत्यक्ष रूपमा जनप्रतिनिधि, सूचना अधिकारी वा कार्यालय प्रमुखसमक्ष राख्ने प्रवृत्ति बढेकाले पेटिकाको प्रयोग घटेको हुनसक्छ। यस्तै, औरही नगरपालिकाका नगर प्रमुख प्रदीप कुमार खड्का ले दैनिक रूपमा सेवाग्राहीसँग प्रत्यक्ष भेटघाट हुने र गुनासा सिधै प्रस्तुत गरिने भएकाले पेटिकामा उजुरी नआएको बताउनुभयो। "सेवाग्राहीले आफ्ना समस्या र गुनासा प्रत्यक्ष रूपमा जनप्रतिनिधि तथा कर्मचारीसमक्ष राख्ने चलन बढेको छ," उहाँले भन्नुभयो।

जिल्ला प्रशासन कार्यालयजस्तो बढी सेवाग्राही चाप हुने निकायमा समेत गुनासो पेटिका प्रभावकारी रूपमा प्रयोग हुन सकेको छैन। महोत्तरीका प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवका अनुसार सेवाग्राहीले गुनासो भए सिधै कार्यालयमा उपस्थित भई वा सम्बन्धित अधिकारीसँग सम्पर्क गर्ने भएकाले पेटिकाको प्रयोग घटेको हो। सूचना प्रविधिको तीव्र विकाससँगै गुनासो दर्ता गर्ने शैलीमा समेत परिवर्तन आएको छ। वर्दिवास नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत राममणि अधिकारीका अनुसार अहिले अधिकांश सरकारी कार्यालयहरूले आफ्ना वेबसाइटमार्फत नै गुनासो तथा उजुरी दर्ता गर्ने व्यवस्था मिलाएका छन्।

"सेवाग्राहीलाई सहजताका लागि अनलाइन प्रणाली विकास गरिएकाले परम्परागत गुनासो पेटिका प्रयोगविहीन बन्न पुगेका छन्," उहाँले बताउनुभयो। जिल्लामा बढी सेवाग्राही आउने मालपोत तथा भूमिसुधार कार्यालयमासमेत गुनासो पेटिका खाली नै रहने गरेको छ। मालपोत तथा भूमिसुधार कार्यालय जलेश्वरका सूचना अधिकारी अजयकुमार कर्णकाअनुसार सेवाग्राहीले समस्या परे सिधै कार्यालय प्रमुखसमक्ष पुग्ने गरेका छन्। साथै, सामाजिक सञ्जालमार्फत गुनासो सार्वजनिक गर्ने प्रवृत्ति समेत बढ्दै गएको उहाँले उल्लेख गर्नुभयो।

सरकारी कार्यालयहरूले नागरिक बडापत्र, सेवा प्रवाहसम्बन्धी विवरण तथा अन्य सूचनाहरू समेत वेबसाइटमार्फत सार्वजनिक गर्ने गरेका छन्। यसले गर्दा सेवाग्राहीले प्रत्यक्ष भेटघाट, फोन वा डिजिटल माध्यमबाट गुनासो राख्ने अभ्यास बढेको देखिन्छ। सूचनाको हकका क्षेत्रमा क्रियाशील धर्वेन्द्रकुमार यादवले गुनासो पेटिका राम्रो व्यवस्था भए पनि यसको प्रभावकारिताबारे पर्याप्त जानकारी नदिँदा प्रयोग घटेको बताउनुभयो। उहाँकाअनुसार कार्यालयहरूले पेटिकाको नियमित प्रयोग तथा व्यवस्थापनमा ध्यान नदिँदा यसको महत्व क्रमशः कम हुँदै गएको छ।

यद्यपि, सूचना प्रविधिको विस्तारसँगै सेवाग्राहीले अनलाइन माध्यममार्फत गुनासो तथा सुझाव राख्ने अभ्यास बढ्दै गएको छ। यसले पारदर्शिता र पहुँचलाई सहज बनाएको भए पनि परम्परागत गुनासो पेटिका भने बिस्तारै इतिहास बन्दै जाने संकेत देखिएको छ।

# गर्मीसँगै बढ्यो सिरहामा आगलागीको घटना



सिरहा, ५ बैशाख। सिरहामा गर्मी र सुक्खा मौसमसँगै सिरहामा आगलागीका घटनामा वृद्धि भएको छ। जिल्ला प्रहरी कार्यालयले सार्वजनिक गरेको गत चैतको विवरणअनुसार एक महिनामा जिल्लाका विभिन्न १९ स्थानमा विद्युत् सर्टलगायत कारणले आगलागीका घटना भएका छन्। प्रहरीको तथ्याङ्क अनुसार चैतमा तीन वटा विद्युत् सर्टसहित १९ वटा आगलागीका घटना भएका हुन्। यी घटनाहरूबाट करिब ३३ लाख २७ हजार बराबरको आर्थिक क्षति भएको प्रहरीले जनाएको छ। आगलागी नियन्त्रण र उद्धारका लागि प्रहरीले १८२ जना जनशक्ति परिचालन गरेको जानकारी दिए।

आगलागीबाहेक जिल्लामा अन्य प्राकृतिक विपद्का घटनाबाट पनि मानवीय क्षति भएको छ। पानीमा डुबेर एक र करेन्ट लागेर एक–एक जनाको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सिरहाका सूचना अधिकारी डीएसपी रमेशबहादुर पालले जानकारी दिए। उनका अनुसार जङ्गली जनावरको आक्रमणबाट एक जना घाइते भएका छन् भने हावाहुरीका कारण एक ठाउँमा भौतिक क्षति पुगेको छ।

यसैबीच, विपद्सँगै जोडिएको वातावरणीय जोखिम र प्राकृतिक सम्पदाको अवैध दोहन नियन्त्रणतर्फ पनि प्रहरीले सक्रियता देखाएको छ। चैत महिनामा अवैध रूपमा नदीजन्य वा वन पैदावार उत्खननमा संलग्न पाँच वटा सवारीसाधनलाई प्रहरीले नियन्त्रणमा लिएको छ।जसबाट रु एक लाख जरिवाना संकलन गरी राजस्व कार्यालयमा दाखिला गरिएको प्रहरी नायब उपरीक्षक पालले जानकारी दिए। विपद्को समयमा तत्काल प्रतिकार्यका लागि जिल्लाभरका विभिन्न युनिटबाट प्रहरी जनशक्ति परिचालन गरिएको उनले बताए। प्रहरीले आगलागी नियन्त्रणका लागि स्थानीय तहका दमकल र स्थानीय बासिन्दासँगको समन्वयमा कार्य गर्दै आएको छ। सुक्खा मौसम अझै बाँकी रहेकाले आगलागीका घटना बढ्न सक्ने भन्दै प्रहरीले सर्वसाधारणलाई सचेत रहन र आगोको प्रयोग गर्दा सावधानी अपनाउन आग्रह गरेको छ।

# चैतेबाली भित्र्याउन महँगीको व्यवधान

महोत्तरी, ५ वैशाख। महोत्तरी जिल्लाका किसान यतिबेला चैतेबाली अन्तर्गत गहुँ रहरलगायत बाली भित्र्याउने चटारोमा छन्। बेमौसमी हावाहुरी र वर्षाको जोखिम बढेसँगै सम्भावित क्षति टार्न उनीहरू हतार हतारमा खेतमै खटिन बाध्य भएका हुन्। बिहानदेखि बेलुकासम्म किसान गहुँ काट्ने, थ्रेसरमार्फत दाना छुट्याउने र सुरक्षित भण्डारण गर्ने काममा व्यस्त छन्। यस बिचमा डिजेल तथा अन्य इन्धनको मूल्यवृद्धिले कृषि कार्यको लागत झन् बढाएको किसानको गुनासो छ। ट्र्याक्टर तथा थ्रेसर सेवाको भाडा महँगिँदा उत्पादन खर्च थपिएको उनीहरू बताउँछन्।

औरही नगरपालिका–२ का किसान दिनेश यादवका अनुसार मौसमको अनिश्चितले पनि किसानलाई दबाबमा पारेको छ। हावाहुरी र वर्षाको सम्भावना बढी हुने भएकाले बाली नष्ट हुने डरले हामी सबै परिवार खेतमै खटिएका छौँ," उहाँले भन्नुभयो, "गहुँ छिटो काटेर थ्रेसरबाट दाना छुट्याउनु पर्छ तर इन्धनको भाउ महँगिएसँगै कृषि उपकरणको भाडा पनि बढेर थेग्नै मुस्किल परेको छ।"

किसानका अनुसार खेत जोताइको लागत पनि अस्वाभाविक रूपमा बढेको छ। स्थानीय किसान पीडा यादवले ट्र्याक्टरले खेत जोत्दा प्रतिघण्टा दुई हजार दुई सय रुपियाँसम्म तिर्नु परेको छ। "इन्धन महँगिएको भन्दै सेवाप्रदायकले मनोमानी भाडा असुलिरहेका छन्, जसले साना किसानलाई बढी मारमा पारेको छ," उहाँले भन्नुभयो।

यसबाहेक मजदुर अभावले पनि किसानलाई थप समस्यामा पारेको छ। बाली भित्र्याउने मुख्य सिजन मै पर्याप्त कामदार नपाउँदा काम ढिलाइ भइरहेको उनीहरूको भनाइ छ। समयमै बाली भित्र्याउन नसके उत्पादनमा ठुलो क्षति हुने भन्दै किसानले सम्बन्धित निकायसँग आवश्यक सहजीकरण र सहयोगको माग गरेका छन्। यता कृषि प्राविधिकले सम्भावित हावाहुरी, असिना र वर्षालाई ध्यानमा राख्दै सकेसम्म छिटो बाली भित्र्याउन किसानलाई सुझाव दिएका छन्।

# कटारी गोल्डकपको उपाधि जष्ट जोन नाइजेरियालाई

उदयपुर, ५ वैशाख। छैटौँ कटारी आमन्त्रित मेयर गोल्डकपको उपाधि जष्ट जोन फुटबल क्लव, नाइजेरियाले जितेको छ। सम्पन्न फाइनल खेलमा चात्यासा फुटबल क्लब झापालाई ४–० गोलअन्तरले हराउँदै जष्ट जोनले उपाधि कब्जा गरेको हो। कटारी नगर खेलकुद विकास समितिको आयोजनामा गत चैत २८ गतेदेखि जारी सो प्रतियोगिताको उपाधि कब्जा गर्दै जष्ट जोनले रु पाँच लाखका साथमा ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गरेको छ। उपविजेता झापाले रु तीन लाख पायो।

फाइनल खेलमा जष्ट जोनका लागि पहिलो हाफमा ओलाओए डेभिट, सुनकानी सोयन्का र ऐना जोह्नले एक एक गोल गरेका थिए। दोस्रो हाफमा जष्ट जोनका लागि डेमोला हमजादले गोल गरे। झापाले खेल अवधिभर पटक पटक अवसर पाए पनि गोल गर्न भने सकेन।

फाइनल खेलको म्यान अफ दी म्याचसहित प्रतियोगिताकै सर्वोत्कृष्ट खेलाडी जष्ट जोनका ओलाओए डेभिट, उत्कृष्ट डिफेन्डर झापाका विशाल भण्डारी, सर्वाधिक गोलकर्ता जष्ट जोनका डेमोला हमजाद र शलेस युथ क्लव, सिरहाका राज भुषाल, सर्वोत्कृष्ट गोलरक्षक जष्ट जोनका डोडो अलु र उदीयमान खेलाडी आयोजक कटारी–११ का रिसभ धामी घोषित भए।

उनीहरुलाई जनही रु १० हजारका साथमा ट्रफी, मेडल र प्रमाणपत्र प्रदान गरिएको समितिका अध्यक्ष दिपक राईले बताए। विजेता, उपविजेतालाई कटारीका नगरप्रमुख राजेशचन्द्र श्रेष्ठलगायतले पुरष्कार प्रदान गरे।

# गुडिरहेको टेम्पोमाथि रूख ढल्दा दुईको मृत्यु, तीन घाइते

**नागेन्द्रकुमार कर्ण**

महोत्तरी, ५ वैशाख। जलेश्वरबाट जनकपुरतर्फ जाँदै गरेको ज १ घ ४८५० नम्बरको टेम्पोमाथि शनिबार साँझ अचानक रूख ढल्दा दुई जनाको मृत्यु भएको छ भने तीन जना घाइते भएका छन्। जलेश्वर नगरपालिका–९ स्थित परिकौली ब्यारेक नजिकै गुडिरहेको टेम्पोमाथि सपेता (मसला) को रूख ढल्दा सवार पाँच जनामध्ये दुई जनाको प्रादेशिक अस्पताल जलेश्वरमा उपचारका क्रममा मृत्यु भएको हो।

जिल्ला प्रहरी कार्यालय महोत्तरीका अनुसार मृत्यु हुनेमा जनकपुरधाम उपमहानगरपालिका–२०, देवपुरा रूपैठा बस्ने ४१ वर्षीया शकुन्तला देवी पण्डित र महोत्तरीको एकडारा गाउँपालिका–३ बस्ने ३३ वर्षीय राहुल मलिक रहेका छन्। शनिबार साँझ चलेको हावाहुरीका कारण रूख ढलेर टेम्पोलाई किच्दा चालक जलेश्वर नगरपालिका–११ बस्ने ५२ वर्षीय हरेन्द्र ठाकुर गम्भीर घाइते हुनुभएको छ। उहाँलाई थप उपचारका लागि प्रादेशिक अस्पताल जनकपुर पठाइएको जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रवक्ता एवम् प्रहरी नायब उपरीक्षक शैलेन्द्र भट्टले जानकारी दिनुभयो।

दुर्घटनामा मृतक शकुन्तलाकी १४ वर्षीया छोरी रिया पण्डित, महोत्तरीको एकडारा बस्ने ४३ वर्षीया फेकनी देवी र जनकपुर उपमहानगरपालिका–१२ बस्ने १६ वर्षीय धीरज मण्डल घाइते भएका छन्। उनीहरूलाई प्रादेशिक अस्पताल जलेश्वरमा प्राथमिक उपचारपश्चात् थप उपचारका लागि जनकपुर पठाइएको प्रहरीले जनाएको छ। जलेश्वर–जनकपुर सडकखण्डको किनारमा रहेको जीर्ण रूख अचानक ढल्दा गुडिरहेको टेम्पो पूर्ण रूपमा क्षतिग्रस्त भएको छ। घटनालगत्तै स्थानीयवासी, नेपाल प्रहरी र नेपाली सेनाको टोलीले संयुक्त रूपमा उद्धार गरेका थिए। दुवै मृतकको शव हाल प्रादेशिक अस्पताल जलेश्वरमा राखिएको छ ।

स्थानीयले सडक छेउका जोखिमपूर्ण रूखहरूको समयमै व्यवस्थापन नगर्दा यस्ता दुखद घटना दोहोरिने गरेको भन्दै आक्रोश व्यक्त गरेका छन्। घटनाबारे थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय महोत्तरीले जनाएको छ।

### मधुवा प्रकोपले ...

पनि यस वर्ष मञ्जर लाग्ने समयमै वर्षा र अत्यधिक हावाहुरीका कारण समस्या बढेको कृषि शाखा, लहान नगरपालिकाका प्रमुख प्रकाश साह हलुवाइले बताउनुभयो। किसानले 'इमिडाक्लोप्रिड' जस्ता औषधि प्रयोग गरे पनि प्रकोप नियन्त्रण गर्न नसकिएको उहाँको भनाइ छ ।

आँप उत्पादनमा संलग्न किसानहरू टिकुला झर्ने समस्याले निराश भएका छन्। लहान नगरपालिका–१८ का हृदय महतोले किसानलाई आवश्यक ज्ञान, सीप र रोग नियन्त्रणसम्बन्धी कार्यक्रम पर्याप्त नल्याइएकोमा गुनासो गर्नुभयो। उहाँले धान खेतीको विकल्पका रूपमा आँप खेतीतर्फ आकर्षित किसानहरूलाई यस्तो प्रकोपबाट जोगाउन सचेतनामूलक कार्यक्रम आवश्यक रहेको बताउनुभयो।

आँपमा लाग्ने रोग–प्रकोप नियन्त्रणका लागि कृषि ज्ञान केन्द्र सिरहालाई सक्रिय बनाउन र जिल्लाका १७ वटै पालिकाका कृषि शाखालाई जिम्मेवार बनाउन समन्वय भूमिका खेल्ने जिल्ला समन्वय समिति सिरहाका प्रमुख दिनेश महतोले बताउनुभयो।

# एक अर्ब ४७ करोड बढी राजस्व सङ्कलन

चितवन, ५ वैशाख। गत आर्थिक वर्षमा भन्दा चालु आवमा रु एक अर्ब ४७ करोड १८ लाख बढी राजस्व सङ्कलन भएको छ। आन्तरिक राजस्व कार्यालय भरतपुरले चालु आवको चैत मसान्तसम्ममा अघिल्लो आर्थिक वर्षको सोही अवधिको तुलनामा राजस्व सङ्कलन बढाएको हो। कार्यालयका अनुसार चैतसम्ममा रु १८ अर्ब पाँच करोड ५० लाख राजस्व सङ्कलन भएको छ। गत आवको सोही अवधिमा रु १६ अर्ब ५८ करोड ३२ लाख राजस्व सङ्कलन भएको थियो। वार्षिक लक्ष्यअनुसार भने राजस्व सङ्कलन हुन सकेको छैन।

चालु आवको चैतसम्ममा रु २० अर्ब ६१ करोड २४ लाख लक्ष्य रहेकामा ८७ दशमलव ५९ प्रतिशत प्रगति भएको कार्यालयका प्रमुख पुण्यविक्रम खड्काले जानकारी दिनुभयो। उहाँका अनुसार गत आवको सोही अवधिका लागि आन्तरिक राजस्व कार्यालयले रु १८ अर्ब ३४ करोड ८९ लाख लक्ष्य दिएकामा ९० दशमलव ३८ प्रतिशत प्रगति भएको थियो। राजस्व बढी सङ्कलन भए पनि लक्ष्यअनुसार प्रगति प्रतिशत भने गत आवको तुलनामा चालु आवमा कम रहेको उहाँले बताउनुभयो।

चालु आवको अन्त्यसम्मका लागि रु ३१ अर्ब पाँच करोड ९५ लाख चार हजार राजस्व सङ्कलन गर्ने लक्ष्य रहेको कार्यालय प्रमुख खड्काले जानकारी दिनुभयो। गत आवको अन्त्यसम्मका लागि रु २६ अर्ब ६० करोड ९७ लाख ६० हजार राजस्व सङ्कलन गर्ने लक्ष्य थियो। खड्काले अन्तशुल्कमा राजस्व कम उठेकाले राजस्व बढे पनि लक्ष्यमा पुग्न नसकिएको बताउनुभयो। उहाँका अनुसार भरतपुर महानगरपालिका–२९ जुगेडीमा रहेको रोलिङरिभर नामको मदिरा उद्योग बन्द हुँदा वार्षिक रु एक अर्ब राजस्व घटेसँगै लक्ष्यमा पुग्न कठिन भएको हो। चालु आवमा अन्तशुल्क ८९ दशमलव ३५ प्रतिशत असुल गरिएकामा गत आवमा यो प्रतिशत ९३ दशमलव २९ थियो।

चालु आवमा रु १३ अर्ब ४९ करोड ६३ लाख अन्तशुल्क सङ्कलन भएको कार्यालय प्रमुख खड्काले जानकारी दिनुभयो। गत आवमा रु १२ अर्ब ९४ करोड ४१ लाख अन्तशुल्क सङ्कलन भएको थियो। कार्यालयले असारसम्म लक्ष्यमा पुग्नेगरी काम अघि बढाएको उहाँको भनाइ छ। खड्काका अनुसार रु पाँच अर्बभन्दा बढी बाँकी रहेको बक्यौता असुलीलाई कडाइका साथ लागिएको छ। त्यस्तै रु दुई अर्ब १५ करोड ८६ लाख बेरुजु फछ्र्यौटका लागि तीव्र रूपमा काम अघि बढाइएको छ। सो बेरुजुमध्ये नियमित गर्नुपर्ने र असुल गर्नुपर्ने दुवैलाई फछ्र्यौट गर्ने अभियान थालिएको कार्यालय प्रमुख खड्काले जानकारी दिनुभयो। उहाँका अनुसार कार्यालयले ६० वटा करदाताको अनुसन्धान गरिरहेको छ।

चालिस वटा फर्मको अग्रिम कर कट्टीको परीक्षण भइरहेको जनाउँदै प्रमुख खड्काले नियमित बजार अनुगमनलाई निरन्तरता दिइएको उल्लेख गर्नुभयो। विलासिताको करवापत तिर्नुपर्ने दुई प्रतिशत असुल गर्न कार्यालयले अनुगमन एवं ताकेता गरिरहेको उहाँले बताउनुभयो। प्रमुख खड्काका अनुसार उद्योग वाणिज्य सङ्घहरू, उद्योग सङ्घ, चेम्बर अफ कमर्शलगायत तिनका वस्तुगत सङ्घसंस्थाहरूसँग सहकार्य गरेर करदाता शिक्षा कार्यक्रम सञ्चालन भइरहेका छन्। अवैध मदिरा नियन्त्रण समितिमार्फत अवैध मदिरा नियन्त्रण गर्न अनुगमन टोली गठन गरेर काम अघि बढाइएको उहाँले जानकारी दिनुभयो।

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक** : राम बाबु यादव, **सम्पादक** : कमलेश कुमार यादव, **सह–सम्पादक** : सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकार**: कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले–आउट : मार्गानुगामी दैनिक कार्यालय** : गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ e-mail : mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक** : न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)